# स्थानीय राजपत्र

खण्डः १ कीर्तिपुर, असार २३ गते, २०७८ साल संख्या ३

**भाग-४**

**कीर्तिपुर नगरपालिका**


**संवत २०७८ सालको ऐन नं. ३**

## कीर्तिपुर नगर साँस्कृतिक संरक्षित क्षेत्र सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

**प्रस्तावनाः**

कीर्तिपुर नगरपालिका अन्तरगत कीर्तिपुर नगरका साँस्कृतिक सरक्षित क्षेत्रभित्रका साँस्कृतिक सम्पदा, गुथि, मातृभाषा (नेपालभाषा), प्राचीण पुराना वस्ती संरक्षण, संस्कृतिसंग सम्वन्धि भूमि संरक्षण, यस क्षेत्रको साँस्कृतिक जीवनको उत्थान गर्न यस क्षेत्रका समुदायको चाहना र कीर्तिपुर न.पा.को कर्तव्य समेत रहेको सन्दर्भमा यसको समुचित व्यवस्थापन गर्न वैधानिक संस्था आवश्यक देखिएकोले सो सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपाल पक्ष राष्ट्र भएको आदिवासी जनजाति सम्वन्धि अन्तर्राष्ट्रिय श्रमसंगठन महासन्धी (आइएलओ) १६९, आदिवासी जनजातिको अधिकार सम्वन्धि संयुक्त राष्ट्रिसंघीय घोषणापत्र (युएनड्रिप) लाई समेत आधार लिई नेपालको संविधानको भाग १८, धारा २२६ को उपधारा (१) तथा संविधानको अनुसूचि ८ को २२ नं. को अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ दफा १०२ र दफा ९(३) ले दिएको अधिकार आधारमा कीर्तिपुर नगरपालिकाको नगर सभाले यो ऐन वनाइ लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐन को नाम **कीर्तिपुर नगर साँस्कृतिक सरक्षित क्षेत्र सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा – बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस ऐनमा**

(क) "संरक्षित क्षेत्र" भन्नाले दफा ३ बमोजिमको कीर्तिपुर साँस्कृतिक संरक्षित क्षेत्रलाई वुझाउँछ ।

(ख) "समिति" भन्नाले दफा ४ कमोजिम गठन भएको कीर्तिपुर नगर साँस्कृतिक संरक्षित क्षेत्र समिति सम्झनुपर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनुपर्छ ।

(ङ) "कोषाध्यक्ष" भन्नाले समितिको कोषाध्यक्ष सम्झनुपर्छ ।

(च) " सचिव" भन्नाले समितिको सचिव सम्झनुपर्छ ।

(छ) "सह सचिव" भन्नाले समितिको सह सचिव सम्झनुपर्छ ।

(ज) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ ।

(झ) "परिषद" भन्नाले दफा ७ वमोजिम वनेको कीर्तिपुर नगर साँस्कृतिक सरक्षित क्षेत्र परिषदलाई सम्झनु पर्छ ।

(ञ) "उप-परिषद" भन्नाले दफा ९ बमोजिमको उप परिषदहरुलाई सम्झनुपर्छ ।

(ट) "कार्यकारी निर्देशक" भन्नाले दफा १० बमोजिमको कार्यकारी निर्देशक सम्झनुपर्छ ।

(ठ) "नगरपालिका" भन्नाले कीर्तिपुर नगरपालिकालाई वुझाउँछ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत वन्ने कार्यविधि, नियमावली, नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. **कीर्तिपुर नगर** साँस्कृतिक संरक्षित **क्षेत्रः**

१) कीर्तिपुर नगर सास्कृतिक संरक्षित क्षेत्र अन्तरगत कीर्तिपुर नगरपालिकाको देहाय वमोजिमको क्षेत्र रहने गरी कीर्तिपुर सास्कृतिक सरक्षित क्षेत्र कायम हुनेछ ।

क) कीर्तिपुर नगरपालिका वडा नं. १, २, ३, ९, १० अन्तर्गत पर्ने कीर्तिपुरको प्राचीन नेवाः बस्ती – १

ख) कीर्तिपुर न. पा. वडा नं. ९ मा पर्ने नगांको प्राचीन नेवाः बस्ती – २

ग) कीर्तिपुर न. पा. वडा नं. ८ र ५ मा पर्ने पागाँको प्राचीन नेवाः बस्ती – ३

घ) कीर्तिपुर न पा वडा नं. ६ मा पर्ने च्व बहाः प्राचीन नेवाः बस्ती-४

ङ) कीर्तिपुर न.पा. वडा नं. ७ मा पर्ने भाजंगः र यःर्वचा प्राचीन नेवाः बस्ती –५

च) कीर्तिपुर न.पा. वडा नं. ६ मा पर्ने च्व बहाः, लनवः, क्वय ना, टकर्चा, क्वार, टौदह प्राचीन नेवाः बस्ती –६

छ) कीर्तिपुर न पा वडा नं. ४ मा पर्ने गाम्चा प्राचीन नेवाः बस्ती-४

२) उपदफा (१) का अतिरिक्त नगरपालिका भित्र अन्य क्षेत्रमा रहेका सांस्कृतिक सम्पदाहरु समेतलाई कीर्तिपुर नगर साँस्कृतिक सरक्षित क्षेत्र अन्तर्गत कै सहायक क्षेत्रको रुपमा परेको मानिने छ ।

४. **समितिको गठनः**

(१) संरक्षण क्षेत्रको साँस्कृतिक सम्पदा, गुथि जन्य संस्था, साँस्कृतिक जीवन संरक्षण गर्दै समुचित विकासको लागि तथा परिषदको नीति कार्यान्वयन गर्न एवं प्रशासनीक काम कार्यवाही निर्णय गर्न **कीर्तिपुर नगर साँस्कृति सरक्षित क्षेत्र समिति** गठन हुनेछ ।

(२) समिति सामुदायिक वैधानिक संस्था हुने छ ।

(३) उपदफा (१) बमोजिमको समितिमा देहायका पदाधिकारीहरु तथा सदस्यहरु रहने छन्ः

संरक्षित क्षेत्रको कला, संस्कृति, संस्कार, र धार्मिक तथा सांस्कृतिक सम्पदालाई सम्बर्द्धन गर्न योगदान दिइरहेका

क. संरक्षित क्षेत्रमा जन्मी पछिल्लो १५ वर्ष सोही क्षेत्रको प्रथाजन्य संस्था गुथि खलःमा आवद्धता भएका परिषद्वाट निर्वाचित आदिवासी नेवाः अध्यक्ष – १जना

ख. संरक्षित क्षेत्रमा जन्मी पछिल्लो १५ वर्ष देखी वसोवास गरी आएका प्रथाजन्य संस्था गुथि खलःमा आवद्धता भएका परिषद्वाट निर्वाचित आदिवासी नेवाः उपाध्यक्ष– १जना

ग. संरक्षित क्षेत्रमा जन्मी पछिल्लो १५ वर्ष देखी वसोवास गरी आएका प्रथाजन्य संस्था गुथि खलःमा आवद्धता भएका परिषदबाट मनोनित आदिवासी नेवाः कोषाध्यक्ष– १जना

घ. संरक्षित क्षेत्रमा जन्मी पछिल्लो १५ वर्ष देखी वसोवास गरी आएका प्रथाजन्य संस्था गुथि खलःमा आवद्धता भएका परिषदबाट मनोनित आदिवासी नेवाः सचिव – १जना

ङ. संरक्षित क्षेत्रमा जन्मी पछिल्लो १५ वर्ष देखी वसोवास गरी आएका नेवाः सामाजिक अभियन्ता, सम्पदा प्रेमी, नेवाः अधिकारकर्मी, सस्कृतिविद मध्येवाट परिषदबाट मनोनित आदिवासी नेवाःसह सचिव – १ जना

च. संरक्षित क्षेत्रमा जन्मी पछिल्लो १५ वर्ष देखी वसोवास गरी आएका नेवाः सामाजिक अभियन्ता, सम्पदा प्रेमी, नेवाः अधिकारकर्मी, सस्कृतिविद मध्येवाट परिषदबाट मनोनित आदिवासी नेवाःसदस्यहरु– ६ जना

छ. ६ जनाको सदस्य सहित ११ जनाको पदाधिकारीहरुमा मुख्य पद २ सहित ४०% प्रतिशत महिलाको प्रतिनिधित्व अनिवार्य हुनुपर्नेछ । तर विवाहित महिलाहरुको हकमा गुठिमा आवद्धता हुन १५ वर्ष लागु हुने छैन ।

(४) समितिको पदाधिकारी एवं सदस्यहरुको सपथ ग्रहण नगरपालिकाले गराउनेछ ।

(५) पदाधिकारीहरु तथा सदस्यहरुको परिषदले नियुक्त गरेको मितिले पदावधि चार बर्षको हुनेछ ।

(६) माथि जुनसुकै लेखिएतापनि उपदफा ३ वमोजिमको पदाधिकारीहरु तथा सदस्यहरुमध्ये पदिय जिम्मेवारी पूरा नगरेकोभन्ने आधारमा समितिका ७० प्रतिशत पदाधिकारी तथा सदस्यहरुले कुनै पदाधिकारीलाई हटाउन सक्नेछ । यसरी हटाइ खाली हुन आएको वा कसैले राजीनामा दिएमा जुन पद खाली हुन

गएको हो सो पदमा बाँकी अवधिको लागि परिषदले नियुक्ति गरे अनुसार पदपूर्ति गरिने छ । तर पदिय जिम्मेवारी पूरा नगरेको भन्ने आधारमा हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(७) समितिले संस्कृति सम्पदा संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनमा योगदान गरिरहेका बिज्ञलाई समितिको बैठकमा पर्यबेक्षकको रुपमा भाग लिन आमन्त्रणा गर्न सक्नेछ ।

**५. समितिको काम, कर्तब्य र अधिकारः**

समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संरक्षित क्षेत्रको संस्कृति, सम्पदा संरक्षण तथा प्रबर्द्धन गर्ने ।

(ख) कीर्तिपुरलाई प्राचीन नेवारी सांस्कृतिक केन्द्र स्थल तथा पर्यटकीय गन्तव्यस्थलको रुपमा बिकास गर्ने

(ग) कीर्तिपुरका भाषा, सस्कृति, सम्पदा एवं ऐतिहासिक अभिलेख अध्ययन, अनुसन्धान गर्ने एवं प्रचार प्रसार गर्ने,

(घ) यस क्षेत्रको संस्कृति संरक्षण तथा बिकास गर्ने सम्बन्धमा स्थानीय खलः पुच, गुठी, संघ संस्थालाई समन्वय र प्रोत्साहन गर्ने ।

(ङ) संरक्षित क्षेत्रमा गरिने कुनै पनि विकास निर्माण तथा अन्य क्रियाकलाप सम्बन्धि मापदण्ड तयार गरी नगरपालिकालाई निर्णयार्थ प्रस्तुत गर्ने र नगरपालिकाले निर्णय गरे वमोजिम लागू गरिने छ ।

(च) सास्कृतिक सम्पदा संरक्षणको मौलिकता सहित सरक्षण गर्दै यसलाई आय आर्जनको श्रोतको रुपमा समेत विकास गरिने छ ।

(छ) संरक्षित क्षेत्रको कला, संस्कृति, संस्कार, जात्रा पर्व भेष भुषा, धार्मिक तथा सांस्कृतिक सम्पदा, नेपाल भाषा लिपि, गुठी तथा गुठीजन्य कानूनको संरक्षण एवं सम्बर्द्धन गरी यस क्षेत्रलाई सांस्कृतिक पर्यटन गन्तव्यका रुपमा विकास गर्ने ।

(ज) यस क्षेत्रको सांस्कृतिक महत्व र गरिमाको प्रतिकुल असर पार्ने गरी सञ्चालन गरिने क्रियाकलाप रोक्ने तथा रोक्न लगाउने छ ।

(झ) यस सरक्षण क्षेत्रको सास्कृतिक सम्पदाको सम्वन्धमा कुनै विवाद उत्पन्न भए सम्वन्धित पक्षसँग समेत छलफल गरी सो विवाद समाधान गरिने छ ।

(ञ) समितिले परिषद वैठक आह्वान र व्यवस्थापन गर्ने छ ।

(ट) परिषदको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ठ) समितिको बार्षिक योजना स्वीकृत गरि कार्यान्वयन गर्ने,

(ड) समितिको उद्देश्य पूर्तिका लागि आवश्यक अन्य कार्यहरु गर्ने, गराउने ।

**६. समितिको बैठक सम्बन्धि कार्यविधिः**

(१) समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सुचना समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा कम्तीमा दुई दिन अगावै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मनिनेछ ।

(५) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय परिषदका सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **कीर्तिपुर नगर साँस्कृतिक सरक्षित क्षेत्र परिषदः**

१) संरक्षण क्षेत्रको सम्पदा, प्रथाजन्य गुथि र साँस्कृतिक जीवनको संरक्षण र विकासको लागि आवश्यक नीति तर्जुमा गरी लागू गर्न कीर्तिपुर नगर सास्कृतिक सरक्षित क्षेत्र परिषद गठन गरिने छ ।

२) दफा ९ को उप-परिषदहरुमा कायम पदाधिकारी एवं सदस्यहरु नै यस परिषदका सदस्यहरु मानिने छ ।

३) समितिले आह्वान गरे अनुसार परिषद वैठक कम्तिमा वर्षमा एक चोटी वस्ने छ ।

४) परिषद एक स्थायी प्रकृतिको हुने छ । यसका सदस्यहरुले राजीनामा वा कार्य क्षमताको अभावको आधारमा नहटाए सम्म वा अन्य कुनै कारणले पद मुक्त वा खाली नहुञ्जेल यसका सदस्यहरुको पदावधि कायम रही रहने छ ।

५) परिषदका संयोजक र सदस्यहरुले समितिका अध्यक्ष समक्ष सपथ खानुपर्ने छ ।

८. **परिषदको काम कर्तव्य र अधिकारः**

१) सरक्षण क्षेत्रको सम्पदा, गुथि जन्य सस्था, सास्कृतिक जीवन सरक्षण र विकास गर्न समग्र नीति निमार्ण गर्ने ।

२) दफा ४ को उपदफा (३) वमोजिम समितिको पदपूर्ति गर्ने ।

३) समिति र उपपरिषद वीच आवश्यक समन्वयात्मक सम्वन्ध कायम राख्ने ।

४) आवश्यक नियमावली लगायत कानून निर्माण गर्ने ।

५) परिषदको काम, कर्तब्य र अधिकार तथा कार्य क्षेत्र र अन्य व्यवस्था नियमावलीले तोके बमोजिम हुनेछ ।

९. **उप-परिषदहरुः**

१) दफा ३ वमोजिम तोकेको सरक्षित क्षेत्र अन्तगत सम्वन्धित वस्ती क्षेत्र आधारमा सो वस्ती क्षेत्रको सस्कृति सम्पदासँग सम्वन्धित व्यक्ति, प्रथाजन्य संघ सस्था आदीको प्रतिनिधित्व हुने गरी कीर्तिपुर नगर साँस्कृतिक सरक्षित क्षेत्र परिषद अन्तरगतका देहाय वमोजिम उप-परिषद हुने छः

क) किपु साँस्कृतिक सरक्षित क्षेत्र उप-परिषद
ख) पाँगा सााँस्कृतिक सरक्षित क्षेत्र उप-परिषद
ग) नगाँउ सााँस्कृतिक सरक्षित क्षेत्र उप-परिषद
घ) चोभाः सााँस्कृतिक सरक्षित क्षेत्र उप-परिषद
ङ) गाँम्चा – सााँस्कृतिक संरक्षित क्षेत्र उप-परिषद्
च) भाजंगल-यर्वचा संरक्षित क्षेत्र उप-परिषद्

२) उप-परिषदले सम्वन्धित सरक्षण क्षेत्रको सम्पदा, प्रथाजन्य सस्था र सास्कृतिक जीवनको सरक्षण र विकासका लागि छलफल, अध्ययन अनुसन्धान, लगत संकलन, समन्वय र आवश्यकता अनुसारको परिषदमा सिफारिश, समन्वय गर्ने छ ।

३) उपदफा (१) वमोजिमको उप परिषदमा सरक्षण क्षेत्र अन्तरगत सम्वन्धित वस्ती क्षेत्रको सवै सस्कृति सम्पदासँग सम्वन्धित पक्षको समानुपातिक प्रतिनिधित्व हुने गरि देहायको परिषदमा देहायको संख्यामा छनौट गरी उप-परिषदकार्य समिति रहने छ ।

| **उप परिषदको नाम** | **कार्य समितिको संख्या** |
|---|---|
| क) किपु सााँस्कृतिक सरक्षित क्षेत्र उप-परिषद | - १७जना |
| ख) पाँगा सााँस्कृतिक सरक्षित क्षेत्र उप-परिषद | - ११जना |
| ग) नगाँउ सााँस्कृतिक सरक्षित क्षेत्र उप-परिषद | - ५जना |
| घ) चोभाः सााँस्कृतिक सरक्षित क्षेत्र उप-परिषद | -११जना |
| ङ) गाँम्चा – सााँस्कृतिक संरक्षित क्षेत्र उप-परिषद् | - ५जना |
| च) भाजंगल-यर्वचा संरक्षित क्षेत्र उप-परिषद् | - ५जना |

४) उपदफा (१) वमोजिमको उप परिषदको काम, कर्तब्य र अधिकार तथा कार्य क्षेत्र र अन्य व्यवस्था नियमावलीले तोके बमोजिम हुनेछ ।

५) उप-परिषद अतिरिक्त क्षेत्रगत प्रतिनिधित्वको लागि आवश्यकता अनुसार स्थानीय समिति, उप समितिहरु गठन गर्न सकिने छ ।

६) सरक्षण क्षेत्रका सम्वन्धित वडा अध्यक्षहरु आ-आफनो क्षेत्रको उप-परिषदको संरक्षक हुनेछ ।

**१०. कार्यकारी निर्देशक तथा परिषदका कर्मचारीः**

(१) यस समितिको नियमित प्रशासनीक कार्य गर्न नेपाल भाषा समेत जानेका आवश्यक कर्मचारीहरु नगरपालिकाले उपलव्ध गराउने छ । जसमध्ये मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कम्तीमा स्नातक गरेको व्यक्तिलाई नगरपालिकाले कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) वमोजिम नियुक्त कार्यकारी निर्देशक तथा कर्मचारीहरु समिति र परिषदको मातहतमा रही कार्य गर्ने र कार्यकारी निर्देशक समितिको प्रशासन प्रमुख भै कार्य गर्ने छ ।

(३) उपदफा (१) वमोजिम समयमा नियुक्त भै नआएको कारण समितिको दैनिक प्रशासनमा वाधा अडचन आएमा आवश्यक कर्मचारीहरु समितिले करारमा नियुक्त गर्न सक्ने छ ।

(४) उपदफा (१) र (३) वमोजिम नियुक्त भएका कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्ततथा सुबिधा नगरपालिकाले तोके बमोजिम नगरपालिकाको कोषवाट नगरपालिकाले प्रदान गर्ने छ ।

(५) कीर्तिपुर न.पा.ले उपलव्ध गराएको कर्मचारी यस समितिमा कार्यरत अवधिको लागि यस समितिको कर्मचारी मानिने छ ।

(६) समितिको निर्देशित उद्देश्य अनुसार कार्य गर्न नगरपालिकाको वार्षिक वजेतवाट विनियोजित हुने गरी आवश्यक कार्यक्रमको लागि रकम नगरपालिकाले समितिलाई उपलब्ध गराउनेछ ।

११. **समितिको कोषः**

(१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् ।

(क) सङ्घीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम

(ख) नेपाल सरकारका विभिन्न निकायबाट प्राप्त रकम ।

(ग) कुनै ब्याक्ति वा संस्थाबाट चन्दा वा सहायता स्वरुप प्राप्त गरेको रकम ।

(घ) अन्तराष्ट्रिय संघ संस्था, बिदेशी सरकार वा ब्यक्तिबाट ऋण वा अनुदान स्वरुप प्राप्त रकम ।

(ङ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त रकम ।

(च) अन्य श्रोतबाट ।

(२) समितिले उपदफा (१) बमोजिमको कोषमा रहने रकम कीर्तिपुर न.पा. भित्रको कुनै बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(३) समितिको नाममा गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिने छ ।

(४) समितिको खाता समितिको अध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

१२. **सल्लाहकार परिषदः**

१. समितिलाई आवश्यक सर सल्लाह दिन देहाय वमोजिमको सल्लाहकार परिषद हुने छ ।
(क) कीर्तिपुर नगरपालिकाको प्रमुख, प्रमुख सल्लाहकार पदेन
(ख) संरक्षण क्षेत्रका सँस्कृतविद सदस्यहरु- २
(ग) संरक्षण क्षेत्रका पुरातत्वविद सदस्यहरु- २

१३. **सरक्षकः**

१) यस ऐन वमोजिम व्यवस्था भएको कीर्तिपुर साँस्कृतिक सरक्षित क्षेत्र, कीर्तिपुर नगर साँस्कृतिक सरक्षित क्षेत्र समिति र कीर्तिपुर नगर साँस्कृतिक सरक्षित क्षेत्र परिषदको संरक्षक कीर्तिपुर नगरपालिका हुने छ । यस समितिलाई श्रोत साधन र आवश्यक जनशक्ति उपलब्ध गराउने तथा ऐन, कानूनको निर्माण गर्ने कार्य कीर्तिपुर नगरपालिकाको कर्तव्य हुने छ । साथै यसको सरक्षण र सहयोगात्मक भूमिका खेल्नु पर्ने कर्तव्य जन निर्वाचित प्रतिनिधिहरुको हुने छ ।

१४. **लेखा र लेखापरिक्षणः**

(१) परिषदको आय ब्यायको लेखा परिक्षण नगरपालिकाले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) परिषदको वार्षिक लेखा परिक्षण मान्यता प्राप्त लेखा परिक्षकवाट गराइने छ र यसको प्रतिवेदन प्रत्येक वर्ष नगरपालिकामा पेश गरिने छ ।

**१५. समिति वा कार्यटोली गठन गर्न सक्नेः**

(१) सरक्षित क्षेत्रको कनै विषयमा अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गर्न सम्बद्ध व्यक्तिहरु समेत रहने गरी आवश्यकतानुसार समिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा कार्यटोलीको अन्य काम, कर्तब्य र अधिकार तथा नियमावली परिषदले तोके बमोजिम हुनेछ ।

**१६. बैठक भत्ताः**

समितिका पदाधिकारीहरु तथा सदस्यहरुको समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

**१७. अधिकार प्रत्यायोजनः**

समितिका अध्यक्षको अनुपस्थितिमा कुनै कार्य गर्नु परेमा समितिका पदाधिकारीहरु मध्ये उपाध्यक्षलाई अध्यक्षले अधिकार प्रत्यायोजन गर्नेछ ।

**१८. कीर्तिपुर नगरपालिकासँग सम्पर्कः**

समितिले आफ्नो काम कार्वाहीको सिलसिलामा नगरपालिकासँग सिधै सम्पर्क राख्ने छ ।

**१९. समितिको कार्यालयः**

(१) समितिको केन्द्रिय कार्यालय कीर्तिपुर संरक्षित क्षेत्रमा रहनेछ । कार्यालय सञ्चालनका लागिको लागि आवश्यक कार्यालय भवनको व्यवस्थापन नगरपालिकाले गर्ने छ ।

(२) समितिले आवश्यकता अनुसार अन्य स्थानमा परिषदको शाखा कार्यालय खोल्न सक्नेछ ।

**२०. समितिको प्रशासनीक कार्य, निर्णय र पत्राचारः**

अन्यथा कानूनमा व्यवस्था भएकोमा वाहेक समितिको प्रशासनीक कार्य, निर्णय, पत्राचार समितिकै नामवाट गरिनेछ।

**२१. परिषद विघठनः**

परिषदले यस ऐनको उद्धेश्य अनुरुप कार्य गर्न नसकेमा नगरपालिकाले जुनसुकै बखत विघठन गर्न सक्नेछ ।

**२२. समितिको काम कार्यवाही र निर्णय उपरको मुद्दाको प्रतिवादः**

समितिको काम कार्यवाही र निर्णय सम्वन्धमा कुनै उजुरी, मुद्दा परे वा समितिले समेत कसैको उपर उजुरी वा मुद्दा गर्नु पर्ने अवस्था आए कानून वमोजिम समिति एकलै वा कानून वमोजिम नगरपालिकाले गर्नुपर्नेमा नगरपालिकाले प्रतिवाद गर्नेछ ।

**२३. वाधा अडकाउ फुकाउ सम्वन्धि व्यवस्थाः**

यस ऐन, कार्यविधि, नियमावली वमोजिम काम गर्दा कुनै वाधा अडचन आए यसलाई फुकाउने तथा ऐन, कार्यविधि आदीमा आवश्यक संशोधन गरी निकास दिने कर्तव्य कीर्तिपुर नगरपालिकाको हुने छ ।

२४. **नियम बनाउने अधिकारः**

(१) परिषदले यस ऐनको उद्देश्य पूर्तिका लागि आवश्यक नियमावली, नियम परिषद आफैले वनाइ लागूगर्न सक्नेछ ।

प्रमाणिकरण मितिः- २०७८/०३/२३

आज्ञाले,

सीता परियार

प्रमुख प्रशासकीय अधिकृत